प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

# महाशिवरात्रि पर्व २०८२ को शुभकामना सन्देश

महाशिवरात्रि पर्व २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका समस्त नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

भगवान शिवको पूजा अर्चना गरिने महाशिवरात्री हिन्दू धर्मावलम्बीको महत्वपूर्ण पर्व हो । शिवपुराणमा यस पर्वलाई कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रि मध्ये एक पवित्र पर्वका रूपमा वर्णन गरिएको पाइन्छ ।

यस पर्वलाई सम्पूर्ण दीन दुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ । व्रत उत्सवमध्ये सर्वोत्तम कहलिएको यस महाशिवरात्रिको अवसरमा नेपालीको जीवनमा आध्यात्मिक जागरणको नयाँ उज्यालो छर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

विभिन्न वैदिक ग्रन्थमा वर्णन गरिएअनुसार नेपालको पवित्र भूमिसँग भगवान शिवको सम्बन्ध गाँसिएको छ । शिवोत्पत्ति भएको विश्वास गरिने मानसखण्डको भू-भाग, शिवको विचरणस्थल मानिने हिमवत्खण्डको मुख्य भूगोल एवं निवासस्थल मानिने पवित्र पाशुपत क्षेत्र नेपालसँग रहनु हाम्रा लागि गौरवको विषय हो ।

हरेक समुदाय तथा जातजातिका आ-आफ्ना रितीरिवाज, चाडपर्व र संस्कृति भएपनि सबै जाति र धर्म मान्ने सम्प्रदायले विविधतालाई सम्मान गर्दै अपनत्व महसुस गर्नु नेपालीको मौलिक एवं विशिष्ट पहिचान हो । यस पर्वको माध्यबाट नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र भाइचाराको अभिवृद्धि हुँदै जानेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

साथै, आज नेपाली सेनाको २६३ औं स्थापना दिवस पनि हो । यस अवसरमा नेपाली सेनालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२०८२ फागुन ३ गते, आइतबार ।
ने.सं. ११४६ सिल्लगा त्रयोदशी-२८ ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख

प्रदेश प्रमुख